Consumer and Worker Protection | Commission on Human Rights | Mayor's Office of Immigrant Affairs

# श्रमिकका अधिकारहरूको घोषणापत्र

तपाईं NYC मा  काम गर्नुहुन्छ भने, तपाईंको अध्यागमन स्थिति जस्तोसुकै भएपनि, तपाईंसँग अधिकारहरू छन्।

उपभोक्ता र श्रमिक संरक्षण विभाग  (Department of Consumer and Worker Protection, DCWP) ले तपाईंलाई कार्यस्थलमा आफ्ना अधिकारहरू थाहा होस् भनी महत्त्वपूर्ण शहर, राज्य र संघीय कानूनहरूको यो संक्षिप्त विवरण तयार पारेको हो।

*नोट: "कर्मचारी" र "स्वतन्त्र ठेकेदार" कामदारका फरक-फरक वर्गीकरण हुन्। जब कुनै कार्यस्थलमा लागु हुने अधिकार स्वतन्त्र ठेकेदारमा पनि लागू हुन्छ, हामी त्यसबारे स्पष्ट गर्छौं।*

**I. DCWP द्वारा लागू गरिएको काममा अधिकारहरू**

भुक्तान गरिएको सुरक्षित र बिरामी बिदा
अस्थायी कार्यतालिका परिवर्तन
फास्ट फुड कामदारका अधिकारहरू
खुद्रा व्यापारका तथा उपयोगिता सुरक्षा
कामदारका अधिकारहरू
खाद्य डेलिभरी कामदारका अधिकारहरू
स्वतन्त्र कामदारका अधिकारहरू
यातायात सुविधा
किराना कामदारका अधिकारहरू

**II. अन्य निकायहरूद्वारा लागू गरिने कार्यस्थलका अधिकारहरू**

न्यूनतम ज्याला र घण्टा सम्बन्धी अधिकारहरू
मानक ज्याला दर
तलबी पारिवारिक बिदा
परिवार र चिकित्सा बिदा ऐन
श्रमिक क्षतिपूर्ति र
अपाङ्गता लाभ
जबरजस्ती श्रम निषेध
सुरक्षित र स्वस्थ कार्यस्थल
भेदभावमुक्त कार्यस्थल
संगठित हुने अधिकार
बेरोजगारी भत्ता
स्वास्थ्य बीमा
सही कामदार वर्गीकरण
(कर्मचारी वा स्वतन्त्र ठेकेदार)

**III. रोजगार आवेदकका अधिकारहरू**

ज्याला पारदर्शिता
तलब इतिहास प्रतिबन्ध
रोजगार एजेन्सी प्रयोग गर्दाका अधिकारहरू
स्वचालित रोजगार निर्णय उपकरणहरू

# I. DCWP द्वारा लागू गरिएको काममा अधिकारहरू

यो खण्डले महत्त्वपूर्ण NYC का श्रम कानूनहरूमा प्रकाश पार्छ।

नोट: यो विस्तृत छैन र यसलाई कानूनी सल्लाहको रूपमा लिनुहुँदैन।

*बदला लिन पाइँदैन*

कामदारहरूले आफ्ना अधिकारहरू प्रयोग गरे बापत वा प्रयोग गर्ने प्रयास गरे बापत उनीहरूलाई सजाय दिनु, कामबाट निकाल्नु वा उनीहरूको काममा कुनै पनि किसिमको नराम्रो असर पार्ने काम गर्नु गैरकानूनी हुन्छ। बदला लिएको शंका लागेमा तत्काल DCWP लाई सम्पर्क गर्नुहोस्।

*DCWP लाई सम्पर्क गर्नुहोस्*

थप NYC का श्रम कानूनहरूबारे जान्न, प्रश्न सोध्न वा उजुरी दर्ता गर्नका लागि:

- **nyc.gov/workers** मा जानुहोस्
- **311** मा फोन गर्नुहोस् (NYC बाहिरबाट फोन गर्ने भएमा 212-NEW-YORK मा) र श्रमिक संरक्षण कानून उल्लेख गर्नुहोस्

कानूनले खुलाउनुपर्ने भएमा वा तपाईंले अनुमति दिनुभएमा बाहेक DCWP ले तपाईंको परिचय गोप्य राख्नेछ। DCWP ले तपाईंको अध्यागमन स्थिति बारे सोध्ने छैन।

## भुक्तान गरिएको सुरक्षित र बिरामी बिदा

तपाईं NYC मा कुनै पनि आकारको व्यवसाय वा नाफामूलक नभएको संस्थामा आंशिक-समय वा पूर्ण-समय काम गर्नुहुन्छ अथवा NYC कै कुनै घरमा घरेलु कामदारको रूपमा काम गर्नुहुन्छ भने, तपाईंसँग आफ्नो वा तपाईंले परिवार ठान्ने जो कोहीको हेरचाह गर्न वर्षमा 40 वा 56 घण्टासम्म बिदा पाउने अधिकार छ। निम्नका लागि बिदा प्रयोग गर्नुहोस्:

- बिरामी हुँदा वा रोग लाग्न नदिन गरिने उपचार/हेरचाह सहित स्वास्थ्यका लागि;
- घरेलु हिंसा, नचाहँदो यौन सम्पर्क, पछ्याउने (स्टकिङ) वा मानव बेचबिखनका कारणले सुरक्षा।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र भुक्तान गरिएको सुरक्षित र बिरामी बिदा भन्नुहोस्

## अस्थायी कार्यतालिका परिवर्तन

केही व्यक्तिगत घटनाहरूका लागि तपाईंलाई प्रति वर्ष दुई कार्य दिनसम्म अस्थायी तालिका परिवर्तन गर्ने अधिकार छ। यसमा बेतलबी छुट्टी लिने अधिकार पनि पर्छ। व्यक्तिगत घटनाहरूमा निम्न समावेश हुन सक्छन्:

- बालबालिकाको हेरचाह;
- अपाङ्गता भएका परिवार वा घरका सदस्यको हेरचाह;
- सार्वजनिक लाभ सुनुवाइ;
- NYC का श्रमको भुक्तान गरिएको सुरक्षित र बिरामी बिदा कानून अन्तर्गतको कुनै पनि प्रयोग।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र अस्थायी कार्यतालिका परिवर्तन भन्नुहोस्

## फास्ट फुड कामदारका अधिकारहरू

तपाईं फास्ट फुड रेस्टुरेन्टमा काम गर्नुहुन्छ भने, तपाईंले निम्न कुराहरू पाउनुपर्छ:

- नियमित साप्ताहिक कार्यतालिका;
- कार्यतालिका परिवर्तनका लागि अतिरिक्त भुक्तानी;
- नयाँ सिफ्टहरूमा काम गर्ने प्राथमिकता;
- कामबाट निष्कासन, कटौती, वा घण्टा घटाउनबाट रोजगारीको सुरक्षा।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र तलबी न्यायसंगत कार्य-सप्ताह सम्बन्धी कानून भन्नुहोस्

## खुद्रा व्यापारका तथा उपयोगिता सुरक्षा कामदारका अधिकारहरू

तपाईं खुद्रा व्यापार पसलमा वा सार्वजनिक उपयोगिताको सुरक्षामा काम गर्नुहुन्छ भने तपाईंले आफ्नो साप्ताहिक कामको तालिका पहिलो सिफ्ट सुरु हुनुभन्दा 72 घण्टा अगाडि पाउनुपर्छ।

तपाईंको रोजगारदाताले अन्तिम समयमा परिवर्तनहरू गर्न सक्दैनन्।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र तलबी न्यायसंगत कार्य-सप्ताह सम्बन्धी कानून भन्नुहोस्

## खाद्य डेलिभरी कामदारका अधिकारहरू

एपको लागि रेस्टुरेन्ट डेलिभरी गर्ने स्वतन्त्र ठेकेदारहरूसँग अधिकार हुन्छ।

तपाईं एपमार्फत रेष्टुरेन्टमा डेलिभरी गर्नुहुन्छ भने, एपहरूले निम्न कुरा गर्नुपर्छ:

- तपाईंलाई न्यूनतम ज्याला दर तिर्नुपर्छ*;
- प्रत्येक डेलिभरीको लागि ग्राहकले कति टिप दिन्छन्, त्यो तपाईंलाई बताउनुपर्छ;
- अघिल्लो दिनको तपाईंको कुल भुक्तानी र टिप बताउनुपर्छ;
- तपाईंलाई रेष्टुरेन्टबाट कति टाढा जाने भनेर सीमा तोक्न र निश्चित पुल वा सुरुङ प्रयोग गर्न इन्कार गर्न अनुमति दिनुपर्छ;
- डेलिभरी स्वीकार गर्नुअघि तपाईंलाई मार्गको विवरण बताउनुपर्छ;
- तपाईंलाई हप्तामा कम्तीमा एकपटक भुक्तानी गर्नुपर्छ।

*न्यूनतम ज्याला दरमा गरिने अद्यावधिकहरू हरेक वर्ष अप्रिल 1 मा हुन्छन्।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र डेलिभरी गर्नेहरू भन्नुहोस्

## स्वतन्त्र कामदारका अधिकारहरू

तपाईं NYC मा एउटा स्वतन्त्र ठेकेदार (फ्रिलान्सर) हुनुहुन्छ भने, तपाईंले निम्न कुरा पाउनुपर्छ:

- लिखित करार;
- तपाईंको कामको लागि समयमै र पूर्ण भुक्तानी।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र तलबी सुरक्षित तथा बिरामी बिदा भन्नुहोस्

## यातायात सुविधा

तपाईं NYC मा 20 वा सोभन्दा बढी पूर्णकालीन गैर-युनियन कर्मचारीहरू भएको कुनै व्यवसाय वा गैर-नाफामुखी संस्थामा पूर्णकालीन काम गर्नुहुन्छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई यातायात सुविधा कार्यक्रम प्रस्ताव गर्नुपर्छ।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र तलबी सुरक्षित तथा बिरामी बिदा भन्नुहोस्

## किराना कामदारका अधिकारहरू

तपाईं बिक्री भएको किराना पसलमा काम गर्नुहुन्छ भने, नयाँ रोजगारदाताले अघिल्लो रोजगारदाताका कर्मचारीहरूलाई 90 दिनको सङ्क्रमणकालीन अवधिका लागि कायम राख्नुपर्छ।

थप जानकारीका लागि वा उजुरी दर्ता गर्न:

- nyc.gov/workers मा जानुहोस्
- 311 मा फोन गर्नुहोस् र तलबी सुरक्षित तथा बिरामी बिदा भन्नुहोस्

# II. अन्य एजेन्सीहरूद्वारा लागू गरिएका कामसम्बन्धी अधिकारहरू

यो खण्डले कर्मचारीहरूलाई सुरक्षा गर्ने महत्त्वपूर्ण शहर, राज्य र सङ्घीय श्रम कानूनहरूमाथि प्रकाश पार्छ। यसले स्वतन्त्र ठेकेदारहरू सहित धेरै प्रकारका कामदारहरूलाई समेट्ने NYC को भेदभाव विरोधी कामदार संरक्षणमाथि पनि प्रकाश पार्छ।

नोट: यो विस्तृत छैन र यसलाई कानूनी सल्लाहको रूपमा लिनुहुँदैन।

## न्यूनतम ज्याला र घण्टा सम्बन्धी अधिकारहरू

तपाईंलाई कम्तीमा प्रति घण्टाको न्यूनतम ज्याला दर पाउने अधिकार छ।

तपाईंलाई प्रति घण्टाको न्यूनतम ज्यालाबाहेक थप ज्याला पाउने अधिकार हुन सक्छ, जसमा निम्न कुराहरू समावेश छन्:

- *ओभरटाइम ज्याला:* एक हप्तामा 40 घण्टाभन्दा बढी काम गरेबापत साढे एक गुणा ज्याला।
- *कल-इन ज्याला:* समय नपुगी घर पठाएबापतको ज्याला।
- *छुट्टिएको सिफ्ट र कामको लामो अवधिको ज्याला:* तपाईंको कामको सुरुवात र अन्त्यबीच 10 घण्टाभन्दा बढीको अन्तर भएमा दिइने ज्याला।
- *पोशाक सरसफाइ ज्याला:* तपाईंले आफ्नो पोशाक आफैं सफा गर्नुहुन्छ भने दिइने ज्याला।

तपाईंको रोजगारदाताले निम्न कुराहरू गर्नुपर्छ:

- तपाईंलाई काममा राख्दा ज्याला दरको लिखित सूचना दिनुपर्छ;
- प्रत्येक तलब दिने दिनमा विस्तृत ज्यालाको विवरण (पे स्टब) दिनुपर्छ।

तपाईंलाई निम्न कुराहरूसँग सम्बन्धित थप अधिकार र संरक्षणहरू छन्:

- ज्यालाबाट गरिने गैरकानूनी कटौती;
- आराम र बिदा;
- 18 वर्ष मुनिका कामदारहरूका रोजगारी।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Department of Labor**
dol.ny.gov ("श्रम मापदण्ड" खोज्नुहोस्) | 888-469-7365

## मानक ज्याला दर

राज्य र शहरका कानूनअनुसार, निश्चित सार्वजनिक कामका ठेक्काहरू र सार्वजनिक लगानी वा कर छुट प्राप्त गर्ने निश्चित निजी परियोजनाहरूअन्तर्गतका कामदारहरूका लागि ठेकेदारहरूले उच्च न्यूनतम ज्याला र सुविधाका आवश्यकताहरू पूरा गर्नुपर्छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Department of Labor**
dol.ny.gov ("मानक ज्याला दर" खोज्नुहोस्) | 888-469-7365

**New York City Comptroller**
comptroller.nyc.gov ("मानक ज्याला दर" खोज्नुहोस्) | 212-669-3916

## तलबी पारिवारिक बिदा

तपाईंको रोजगारदाताले 12 हप्तासम्मको जागिर सुरक्षासहितको बेतलबी बिदा निम्न कारणहरूका लागि दिनुपर्छ:

- भर्खरै जन्मिएको, धर्मपुत्र/धर्मपुत्री बनाएको वा पालनपोषणका लागि राखिएको बच्चासँगको सम्बन्ध सुधार्न;
- गम्भीर स्वास्थ्य अवस्था भएका परिवारका सदस्यको हेरचाह गर्न; वा
- जब पति/पत्नी, घरेलु साथी, बच्चा वा आमाबुवा सक्रिय सैन्य सेवामा विदेशमा तैनाथ हुन्छन्, तब प्रियजनहरूलाई सहयोग गर्न।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Paid Family Leave**
paidfamilyleave.ny.gov | 844-337-6303

## परिवार र चिकित्सा बिदा ऐन

50 वा सोभन्दा बढी कर्मचारी भएका रोजगारदाताहरूले योग्य कर्मचारीहरूलाई 12 हप्तासम्मको *बेतलबी* पारिवारिक र चिकित्सा बिदा उपलब्ध गराउनुपर्छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**U.S. Department of Labor**
dol.gov | 866-4-USWAGE (866-487-9243)

## कामदार क्षतिपूर्ति र अपाङ्गता सुविधा

तपाईं आफ्नो कामको प्रत्यक्ष परिणाम स्वरूप बिरामी वा घाइते हुनुहुन्छ भने तपाईंलाई नगद सुविधा र/वा चिकित्सा सुविधा पाउने अधिकार छ।

तपाईंको रोजगारदाताले कामबाहिर हुने चोटपटक वा बिरामीका लागि, जसमा गर्भावस्था वा सुत्केरीसम्बन्धी अपाङ्गताहरू पनि पर्छन्, अस्थायी अपाङ्गता सुविधा पनि उपलब्ध गराउनुपर्छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Workers' Compensation Board**
wcb.ny.gov | 877-632-4996

## जबरजस्ती श्रम निषेध

जबरजस्ती श्रम, जसलाई मानव बेचबिखन पनि भनिन्छ, एउटा गम्भीर अपराध हो। जबर्जस्ती, धोकाधकाडी वा दबाबका कारण पीडितहरू आफ्नो इच्छाविरुद्ध काम गर्छन्।

थप जानकारी को लागि वा मद्दत प्राप्त गर्न, सम्पर्क गर्नुहोस्:

**National Human Trafficking Hotline**
*(U.S. Department of Health & Human Services Administration for Children & Families)*
888-373-7888 (24 सै घण्टा, हप्ताको 7 दिन)

**New York State Department of Labor Division of Immigrant Policies and Affairs**
877-466-9757 (सोमबारदेखि शुक्रबारसम्म, बिहान 9 बजेदेखि बेलुका 5 बजेसम्म)

मानव बेचबिखनबाट बचेका केही व्यक्तिहरूका लागि T भिसा भनिने अध्यागमन राहत उपलब्ध छ।

थप जानकारी को लागि वा मद्दत प्राप्त गर्न, सम्पर्क गर्नुहोस्:

**Mayor's Office of Immigrant Affairs Immigration Legal Support Hotline**
800-354-0365 (सोमबारदेखि शुक्रबारसम्म, बिहान 9 बजेदेखि बेलुका 6 बजेसम्म)

## सुरक्षित र स्वस्थ कार्यस्थल

तपाईंको कार्यस्थल स्वास्थ्य र सुरक्षासम्बन्धी खतराहरूबाट मुक्त हुनुपर्छ। तपाईंलाई काममा हुने खतराहरूका बारेमा जानकारी र तालिम पाउने अधिकार पनि छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**Occupational Safety and Health Administration**
osha.gov | 800-321-OSHA (800-321-6742)

तपाईंलाई कार्यस्थलका सुरक्षा समस्याहरू सम्बोधन गर्न कामदार र प्रबन्धकहरूका कार्यस्थल सुरक्षा समिति गठन गर्ने अधिकार छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Department of Labor**
dol.ny.gov ("HERO Act" खोज्नुहोस्) | 888-469-7365

## भेदभावमुक्त कार्यस्थल

शहर, राज्य र सङ्घीय कानूनहरूले यौन दुर्व्यवहार र रोजगार भेदभावलाई निषेध गर्छन्। NYC को भेदभाव विरोधी कानून कर्मचारीहरू, स्वतन्त्र ठेकेदारहरू, इन्टर्नहरू र जागिरका आवेदकहरूमा लागू हुन्छ।

NYC मा, रोजगारदाताहरूले निम्न लगायतका, तर यिनमा मात्र सीमित नरहेका, सुरक्षित वर्गहरूको आधारमा भेदभाव गर्नु गैरकानूनी हो:

- उमेर
- दोषी ठहरिएको इतिहास (धेरैजसो अवस्थामा)
- अपाङ्गता
- लैङ्गिकता
- आप्रवासन वा नागरिकता स्थिति
- राष्ट्रियता
- गर्भावस्था
- जाति
- धर्म
- यौनिक अभिमुखीकरण

*उचित सुविधा / उचित व्यवस्था*

NYC मा, रोजगारदाताहरूले निम्न आधारमा कार्यस्थलमा उचित सुविधा प्रदान गर्नुपर्छ:

- अपाङ्गता (शारीरिक वा मानसिक)
- गर्भावस्था, सुत्केरी, स्तनपान
- धार्मिक पालना
- घरेलु हिंसा (आर्थिक दुरुपयोग सहित), यौन हिंसा, वा पिछा गर्ने कार्यको पीडितको रूपमा स्थिति

उचित सुविधाहरूमा कामको तालिका, कामका जिम्मेवारीहरू र/वा उपकरणमा परिवर्तनहरू समावेश हुन सक्छन्।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**NYC Commission on Human Rights**
nyc.gov/humanrights | 311 (भेदभाव भन्नुहोस्) वा 212-416-0197

**New York State Division of Human Rights**
dhr.ny.gov | 888-392-3644

**U.S. Equal Employment Opportunity Commission**
eeoc.gov | 800-669-4000

*समान ज्याला/तलब*

तपाईंलाई समान कामको लागि समान ज्याला पाउने र आफ्ना सहकर्मीहरूसँग आफ्नो ज्यालाको बारेमा छलफल गर्ने अधिकार छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Attorney General**
ag.ny.gov ("समान ज्याला/तलब" खोज्नुहोस्) | 212-416-9700

## संगठित हुने अधिकार

तपाईं आफ्ना सहकर्मीहरूसँग मिलेर आफ्नो काम गर्ने अवस्था सुधार्न सक्नुहुन्छ, जसमा युनियन (श्रम संगठन) बनाउने कुरा पनि पर्छ। रोजगारदाताहरूले तपाईंलाई काम गर्ने अवस्थाहरूको बारेमा आफ्ना सहकर्मीहरूसँग कुरा गर्दा वा संगठित भएकोमा तपाईंबिरुद्ध कारबाही गर्न पाउँदैनन्।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**National Labor Relations Board**
nlrb.gov | 844-762-NLRB (844-762-6572)

## बेरोजगारी भत्ता

तपाईंले आफ्नो गल्ती नभई जागिर गुमाउनुभयो र सक्रिय रूपमा काम खोज्दै हुनुहुन्छ भने, तपाईंको रोजगारदाताले बेरोजगारी बीमा गरेको हुनैपर्छ जसले 26 हप्तासम्म अस्थायी आम्दानी दिन्छ। बेरोजगारी भत्ता पाउनका लागि तपाईंलाई काम गर्ने कानूनी अनुमति हुनैपर्छ।

थप जानकारीका लागि, सम्पर्क गर्नुहोस्:

**New York State Department of Labor**
dol.ny.gov ("बेरोजगारी" खोज्नुहोस्) | 888-209-8124

## स्वास्थ्य बीमा

तपाईंको रोजगारदाताले स्वास्थ्य बीमा प्रदान गर्छ भने तपाईंको बीमा सुविधा गुमाउँदा वा जागिर बदल्दा पनि स्वास्थ्य सुविधाहरूलाई निरन्तरता दिने अधिकार हुन सक्छ।

थप जानकारीका लागि, सम्पर्क गर्नुहोस्:

**U.S. Department of Labor**
dol.gov ("कर्मचारी लाभ सुरक्षा प्रशासन" खोज्नुहोस्) | 866-444-3272

## सही कामदार वर्गीकरण (कर्मचारी वा स्वतन्त्र ठेकेदार)

धेरै कामदारका अधिकारहरू कर्मचारीको रूपमा वर्गीकृत गरिएका कामदारहरूलाई मात्र लागू हुन्छन्।

तपाईं कर्मचारी हुनुहुन्छ वा स्वतन्त्र ठेकेदार हुनुहुन्छ भन्ने कुरा धेरै कारकहरू र तपाईंको कामको व्यवस्थाको प्रकृतिमा निर्भर गर्छ।

गलत वर्गीकरण त्यतिबेला हुन्छ जब रोजगारदाताहरूले कर्मचारी मान्नुपर्ने कामदारहरूलाई स्वतन्त्र ठेकेदारको रूपमा व्यवहार गर्छन् वा कामदारहरूलाई कर नतिरीकन (कागजमा नदेखाएर) भुक्तानी गर्छन्। गलत तरिकाले वर्गीकरण गर्दा कामदारहरूले कर्मचारीको रूपमा पाउनुपर्ने अधिकार र सुविधाहरू गुमाउँछन्।

थप जानकारीका लागि वा गलत वर्गीकरणको बारेमा गुनासो गर्न, सम्पर्क गर्नुहोस्:

**New York State Department of Labor**
dol.ny.gov ("गलत वर्गीकरण" खोज्नुहोस्) | 866-435-1499

# III. रोजगार आवेदकका अधिकारहरू

यो खण्डले महत्त्वपूर्ण शहर, राज्य र संघीय कानूनहरूमा प्रकाश पार्छ।

नोट: यो विस्तृत छैन र यसलाई कानूनी सल्लाहको रूपमा लिनुहुँदैन।

काम गर्ने कानुनी अधिकार भएका जागिर खोज्नेहरूलाई शहरले नि:शुल्क सहयोग प्रदान गर्छ। Workforce1 Career Centers को बारेमा जान्नका लागि NYC Department of Small Business Services मा सम्पर्क गर्नुहोस्:

- **nyc.gov/workforce1** मा जानुहोस्
- **311** मा फोन गर्नुहोस् र Workforce1 भन्नुहोस्

## ज्याला पारदर्शिता

धेरैजसो रोजगारदाताहरूले जागिरको विज्ञापनमा तलबको दायरा खुलाउनुपर्छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**NYC Commission on Human Rights**
nyc.gov/humanrights | 311 (तलब पारदर्शिता भन्नुहोस्)

**New York State Department of Labor**
dol.ny.gov ("ज्याला पारदर्शिता" खाज्नुहोस्) | 888-469-7365

## तलब इतिहास प्रतिबन्ध

रोजगारदाताले तपाईंलाई जागिर दिने बेलामा तपाईंको तलबको इतिहास सोध्न पाउँदैनन्।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**NYC Commission on Human Rights**
nyc.gov/humanrights | 311 (भेदभाव भन्नुहोस्)

**New York State Department of Labor**
dol.ny.gov ("तलब इतिहास प्रतिबन्ध" खाज्नुहोस्) | 888-469-7365

## रोजगार एजेन्सी प्रयोग गर्दाका अधिकारहरू

रोजगार एजेन्सीहरूले NYC सञ्चालन गर्न DCWP इजाजतपत्र/लाइसेन्स अनिवार्य रूपमा लिनुपर्छ।

एजेन्सीहरूले तपाईंलाई जागिरमा राख्नुअघि शुल्क लिन सक्दैनन्। शुल्क राज्य कानूनले तोकेको अधिकतम रकमभन्दा बढी हुन सक्दैन। तपाईंले गैरकानूनी शुल्क तिर्नुभयो भने तपाईंले फिर्ता माग्न सक्नुहुन्छ।

एजेन्सीहरूले तपाईंलाई करार र रसिदहरू दिनुपर्छ।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**NYC Department of Consumer and Worker Protection**
nyc.gov/workers | 311 (रोजगार एजेन्सी उजुरी भन्नुहोस्)

## स्वचालित रोजगार निर्णय उपकरणहरू

रोजगारदाता र रोजगार एजेन्सीहरूले NYC स्वचालित रोजगार निर्णय उपकरण (Automated Employment Decision Tool, AEDT) प्रयोग गर्न पाउँदैनन्, जबसम्म उनीहरूले पक्षपात अडिट गरिएको सुनिश्चित गर्दैनन् र कर्मचारी तथा रोजगार आवेदकहरूलाई आवश्यक सूचनाहरू प्रदान गर्दैनन्।

थप जानकारी वा उजुरी दर्ता गर्नका लागि, सम्पर्क गर्नुहोस्:

**NYC Department of Consumer and Worker Protection**
nyc.gov/dcwp | 311 (AEDT भन्नुहोस्)